नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, असोज १४ गते २०४९ साल (अतिरिक्ताङ्क ३५

भाग २

श्री ५ को सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्

नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस ऐनको नाम "नेपाल खानेपानी संस्थान (पहिलो संशोधन) ऐन, २०४९" रहेकोछ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा २ मा संशोधन : नेपाल खानेपानी संस्थान ऐन, २०४६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को उपदफा २.१.३ र २.१.४ को सट्टा देहायका उपदफा २.१.३.र २.१.४ राखिएका छन् :-

"२.१.३ "अध्यक्ष" भन्नाले दफा ११ बमोजिम तोकिएको वा नियुक्त भएको संस्थानको अध्यक्ष संझनु पर्छ ।

२.१.४ "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम संझनु पर्छ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को उपदफा ३.१ मा रहेका "नगर पंचायत" भन्ने शब्दहरूको सट्टा "नगरपालिका" भन्ने शब्द राखिएकोछ ।

४. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपदफा ८.१ को सट्टा देहायको उपदफा ८.१ राखिएकोछ :-

"८.१ संस्थानको काम कारवाईको संचालन, रेखदेख र व्यवस्थापनको लागि देहायका सदस्यहरू भएको संचालक समिति गठन गरिएकोछ :-

८.१.१	श्री ५ को सरकारले तोकेको वा नियुक्त गरेको व्यक्ति -	अध्यक्ष
८.१.२	प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय (रा.प. प्रथम श्रेणी) -	सदस्य
८.१.३	प्रतिनिधि, अर्थ मन्त्रालय (रा.प.प्रथम श्रेणी) -	सदस्य
८.१.४	प्रतिनिधि, स्वास्थ्य मन्त्रालय (रा. प. प्रथम श्रेणी, जनस्वास्थ्य सम्बन्धी) -	सदस्य
८.१.५	प्रमुख, काठमाण्डौं नगरपालिका -	सदस्य
८.१.६	संस्थानले सेवा पु-याएका अन्य नगरपालिकाहरू मध्येबाट श्री ५ को	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारले तोकेको
एउटा नगरपालिकाको
प्रमुख - सदस्य

८.१.७ श्री ५ को
सरकारले उपभोक्ता-
हरूको हितको
संरक्षणमा संलग्न
उपभोक्ताहरू
मध्येबाट तोकेको
एकजना - सदस्य

८.१.८ श्री ५ को सरकारले
तोकेको खानेपानी
गुणस्तर सम्बन्धी
विशेषज्ञ एकजना- सदस्य

८.१.९ पर्यावरणसंग
सम्बन्धित
गैर सरकारी
संस्थाहरू मध्येबाट
श्री ५ को
सरकारले तोकेको
गैर सरकारी
संस्थाको एकजना
प्रतिनिधि - सदस्य

८.१.१० महाप्रबन्धक,
नेपाल खानेपानी
संस्थान - सदस्य -सचिव"

(२) उपदफा ८.२ झिकिएकोछ।

५. <u>मूल ऐनमा दफा ९ क. थप</u> : मूल ऐनको दफा ९ पछि देहायको दफा ९ क. थपिएकोछ:-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९क. कामकारवाई अमान्य नहुने : संचालक समितिको कुनै सदस्यको पद रिक्त रहेको कारणले मात्र संचालक समितिको कुनै कारवाई अमान्य हुने छैन।"

६. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को :-

(१) शीर्षकको सट्टा देहायको शीर्षक राखिएकोछः-

"अध्यक्ष र महाप्रबन्धकको व्यवस्था : "

(२) उपदफा ११.१ र ११. २ को सट्टा देहाएका उपदफा ११.१ र ११. २ राखिएकाछन्ः-

"११.१ संस्थानको अध्यक्ष श्री ५ को सरकारले तोक्न वा नियुक्त गर्न सक्नेछ ।

११.२ श्री ५ को सरकारले संस्थानको महाप्रबन्धक नियुक्त गर्नेछ।"

७. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उपदफा १८.१.१० पछि देहायको उपदफा १८.१.११ थपिएकोछ :-

"१८.१.११. पानी वितरण गर्न वा ढल निकासको लागि बिछाइएको पाइप लाइनमा क्षति पुग्ने गरी कुनै निर्माण कार्य गर्ने।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मुल ऐनको दफा १९ मा संशोधन : मूल ऐनको दफा १९ को उपदफा १९.२ पछि देहायको उपदफा १९.३ थपिएकोछ :-

'१९.३ उपदफा १८.१.११ विपरीतको कार्य गर्ने गराउनेलाई संस्थानले पाँच हजार रूपैयासम्म जरिवाना गरी त्यस्तो निर्माण कार्य संस्थानले आफै भत्काउन वा सो बनाउने व्यक्तिलाई नै भत्काउन लगाउन सक्नेछ । संस्थानले नै भत्काउनु परेमा सो भत्काउदा लागेको खर्च संस्थानले सम्बन्धित व्यक्तिसंग असूल उपर गर्नेछ ।'

९. मुल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को :-

(१) उपदफा २२.१ मा रहेको 'विनियम' भन्ने शब्दको अगाडि 'नियम वा' भन्ने शब्दहरू राखिएकाछन्।

(२) उपदफा २२.२ मा रहेको 'अध्यक्षले' भन्ने शब्दको सट्टा 'अध्यक्ष वा महा-प्रबन्धकले' भन्ने शब्दहरू राखिएकाछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल ऐनमा दफा २५क. थप : मूल ऐनको दफा २५ पछि देहायको दफा २५क. थपिएकोछ :-

"२५क. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।"

लालमोहर सदर मितिः- २०४९।६।१४।४

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।